# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन

# २०७९

## सायल गाउँपालिका

## डोटी




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ आषाढ

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रदेश लेखापरीक्षण निर्देशनालय
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं.३६७

मितिः २०७९।३।१७

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
सायल गाउँपालिका,
डोटी।

**कैफियत सहितको राय**

हामीले सायल गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रू.८२ लाख ६३ हजार बेरुजु देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रु.३१ लाख २९ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.९ लाख ६५ हजार, नियमित गर्नुपर्ने रु.२२ लाख ८८ हजार र पेश्की रु.१८ लाख ८१ हजार बाँकी बेरुजु रहेको छ । पालिकाको गत वर्षसम्म रु.३ करोड ८० लाख ९५ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु.४ करोड ६० लाख ६३ हजार रहेको छ । यस पालिकाको बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।
२. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको,असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

## सायल गाउँपालिका, डोटी

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ५८ | २० | ८२६३ | ० | ० | ० | ५८ | २० | ८२६३ | ३१२९ | २२८८ | ९६५ | ० | ० | ३२५३ | १८८१ |

## अद्यावधिक बेरुजु स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको **फस्यौट** | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| ३८०९५ | 0 | २९५ | ३७८०० | 0 | ८२६३ | ४६०६३ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : सायल गाउँपालिका, डोटी , सयल गाउँपालिका , डोटी

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | Nab Raj Sapkota | २०७७-४-१ | २०७८-१२-२५ |
| लेखा प्रमुख | Deepak Karki | २०७७-४-१ | २०७८-४-१७ |
| | | **बेरुजु रकम** | ८,२६३,०६५ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ४,६९,४३,२२९.५७ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३०,७९,०९,९८१ | चालु खर्च | १७,२०,६९,५५६.५ |
| प्रदेश सरकारबाट अनुदान | २,६५,६३,००० | पूँजीगत खर्च | १७,८१,४९,२६७ |
| राजश्व बाँडफाँट | ६,१४,७९,४८६.६ | वित्तीय/अन्य व्यवस्था | ७,६५,८७,५५१.५ |
| आन्तरिक आय | ७३,३६,०५४.६ | | |
| अन्य आय | ५७,४६,०९३.५ | | |
| कुल आय | ४०,९०,३४,६१५.७ | कुल खर्च | ४२,६८,०६,३७५ |
| बाँकी मौज्दात | | २,९१,७१,४७०.२७ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>**परिचयः**स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्वेश्य रहेको छ । गाउँपालिका अन्तर्गत ६ वडा, ३२ सभा सदस्य, १२२.७२वर्ग किलोमिटर क्षेत्रफल तथा १९,५५१ जनसंख्या रहेको छ ।<br><br>लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७8।06।20 मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् :<br><br>**वित्तीय विवरण**:स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्ने र सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्नेमा गरेको पाईएन ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २ | | | **जिम्मेवारी फरक परेको**<br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदन अनुसार गत वर्षको अन्त्यमा संचित कोष बाकी रु.4,12,34,502.54, धरौटी रु.3,25,000, प्रकोप व्यवस्थापन कोष रु. 45,59,266 विपद व्यवस्थापन कोष रु.6,52,771 र अन्य कोष समेत रु.1,34,914 समेत कूल बैङ्क मौज्दात रु.4,69,06,453.54 कायम भएकोमा यो बर्षको शुरुमा रु.4,69,43,229.57 जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.36,776.03 बढी जिम्मेवारी सारेको देखियो । जसले गर्दा गत वर्ष घटी मौज्दात कायम भएको देखियो । आर्थिक कारोवारलाई व्यवस्थित र नियमित बनाउनु पर्दछ । | |
| ३ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• कार्यालय प्रमुखले अख्तियारी प्राप्त नभएका कर्मचारी कर्मचारीहरुले ईन्धन वापतको रकम सिफरिस गर्ने गरेको तथा कार्यालय प्रमुखको स्वीकृति वेगर ईन्धन बाँड्ने गरेको ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो<br>• वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली २०53 को नियम 6 क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकम रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावलि 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अवागै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन<br>• निजामती सेवा ऐन 2049 वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| | | | • निजामती सेवा ऐन 2049 को दफा 7 ख 2 वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरि खर्च लेखेको पाईयो । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४ | | | **बरबुझारथ**<br>मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा गाउँपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्यौंट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |
| ५ | | | **समपत्ति हस्तान्तरण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्याबधिक गर्नुपर्दछ । | |
| ६ | | | **बजेट पेश, पारित र अख्तियारी**<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । उपाध्यक्ष श्री विष्णा देवी सिंहले मिति २०७7।०३।10 गते रु.37 करोड 26 लाख 3 हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७7।३ ।30मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७7।०४।०4 मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७ | | | **बजेट सिमा निर्धारण समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले उल्लिखित समितिहरुको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ८ | | | **बजेट तथा कार्यक्रम तर्जुमा**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९</td><td></td><td></td><td>
चौमासिक खर्च<br>
गाउँपालिकाले स्वीकृत भएको कार्यक्रमको चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ । गाउँपालिकाले उपलब्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय अनुसार छः (रु.हजारमा)
<table>
<tr><th rowspan="2">क्र.स.</th><th rowspan="2">बजेट उपशिर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="4">चौमासिक खर्च रु हजारमा</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेश्रो चौमासिक</th><th>आषाढ महिना</th></tr>
<tr><td>१</td><td>चालु खर्चतर्फ</td><td>172120</td><td>42499</td><td>45860</td><td>83761</td><td>53404</td></tr>
<tr><td>२</td><td>पूँजिगत खर्चतर्फ</td><td>178159</td><td>28029</td><td>44564</td><td>105565</td><td>83363</td></tr>
<tr><td></td><td>जम्मा</td><td>350279</td><td>70528</td><td>90424</td><td>189326</td><td>136767</td></tr>
<tr><td></td><td>प्रतिशत</td><td></td><td>20</td><td>25</td><td>54</td><td>39</td></tr>
</table>
गाउँपालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. 35,02,78,952.50 निकासा भएकोमा प्रथम चौमासिकमा रु.7,05,28,447 अर्थात 20.13 प्रतिशत, दोश्रो चौमासिकमा रु.9,04,24,254अर्थात 25.81 प्रतिशत र तेश्रो चौमासिकमा रु.18,93,26,251.50, अर्थात 54.05 प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.13,67,66,545.50 अर्थात 39.04 प्रतिशत खर्च देखिनुले अषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१०</td><td></td><td></td><td>
क्षेत्रगत बजेट र खर्चको स्थिति<br>
पालिकाबाट यो वर्ष भएकोक्षेत्रगत कार्यक्रम र बजेट खर्च स्थिति देहाय बमोजिम रहेको छः
<table>
<tr><th rowspan="2">क्र.स</th><th rowspan="2">क्षेत्र</th><th rowspan="2">बजेट</th><th rowspan="2">खर्च</th><th>खर्च प्रतिशत</th></tr>
<tr><th>जम्मा खर्चको तुलनामा</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>37784000</td><td>29194083</td><td>8.33</td></tr>
<tr><td>२</td><td>पूर्वाधार विकास</td><td>138672986</td><td>88202354</td><td>25.18</td></tr>
<tr><td>३</td><td>सामाजिक विकास</td><td>231147981</td><td>180338675</td><td>51.48</td></tr>
<tr><td>४</td><td>बातावरण तथा विकास</td><td>0</td><td>0</td><td>0</td></tr>
<tr><td>५</td><td>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</td><td>21439000</td><td>15871083</td><td>4.53</td></tr>
<tr><td>६</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>57979500</td><td>36672757.5</td><td>10.47</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>487023467</td><td>350278952.5</td><td></td></tr>
</table>
उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी सामाजिक विकासमा 51.48 प्रतिशत र घटी वातावरण तथा विकासमा शून्य खर्च रहेको छ । मध्यमकालिन खर्च संरचना तयार गरी दिगो विकास लक्ष्यको स्थानीय लक्ष्य गन्तव्य र सूचकको आधारमा बजेट सांकेतिकरण गरी बजेट व्यवस्थापनलाई आवधिक योजना अनुकूल समावेशी बनाउनु पर्दछ ।
</td><td></td></tr>
</table>



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११ | | | **लक्ष्य प्रगति**<br>कार्यालयको चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला स्तरीय तथा केन्द्रीय स्तरीयका 252 योजनाको नियम बमोजिमको उल्लेखित ढाँचामा चौमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा तोकिएको ढाँचामा बार्षिक प्रगति प्रतिवेदन तयार नगर्ने कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ । | |

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या | 252 | 11 | 11 | 13 | 18 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **प्रशासकिय संगठन र कर्मचारी व्यवस्थापन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । गाउँपालिकाले विभिन्न पदमा 46 जना कर्मचारीहरु करारमा राखि रु.84,80,193 खर्च लेखेको छ । स्थानीय सेवा ऐन तर्जुमा गरी सोही अनुसार जनशक्ति व्यवस्थापन गर्नु पर्दछ । | |
| १३ | | | **कर्मचारी करार**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित 53 दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म 28 जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत सहित 25 पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्ती पूर्ण नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४ | | | **कल्याण कोष**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले कल्याणकारी कोषको व्यवस्था गरेको छैन । ऐन बमोजिमको कल्याणकारी कोषको व्यवस्था हुनु पर्दछ । | |
| १५ | | | **वडा सचिवको पदपुर्ति**<br>पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । वडाको सेवा प्रवाहालाई प्रभावकारी बनाउन वडाको रिक्त जनशक्ति पुर्ति गर्नु पर्दछ । | |
| १६ | | | **सेवा प्रवाहको स्थिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार 9 वटा ऐन, 6 वटा नियमावली, 12 वटा कार्यविधि र 3 बटा निर्देशिका स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष गाउँपालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |

| वडा संख्या | वड सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| 6 | 6 | 4 | 2 |

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | 0 |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | 1980 |
| मृत्युदर्ता | 472 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td>बसाईसराई दर्ता</td><td>191</td></tr><tr><td>विवाह दर्ता</td><td>231</td></tr><tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>०</td></tr><tr><td>**पूर्वाधार विकास सडक निर्माण**</td><td></td></tr><tr><td>कालोपत्रे सडक निर्माण</td><td>०</td></tr><tr><td>कालोपत्रे सडक मर्मत</td><td>०</td></tr><tr><td>ग्राभेल सडक निर्माण</td><td>०</td></tr><tr><td>ग्राभेल सडक मर्मत</td><td>०</td></tr></table> स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१७</td><td></td><td></td><td>
योजना छनौट र कार्यान्वयन<br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७7÷७8 को अध्ययन गर्दा गाउँपालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । गाउँपालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।
<table>
<tr><th>रु १ लाख सम्म</th><th>रु १ लाख देखि २ लाखसम्म</th><th>रु २ लाखदेखि ५ लाखसम्मका</th><th>रु ५लाख देखि १० लाखसम्मका</th><th>रु १० लाखभन्दा बढीको</th><th>जम्मा</th></tr>
<tr><td>39</td><td>28</td><td>65</td><td>28</td><td>92</td><td>252</td></tr>
</table>
उपरोक्त विवरण अनुसार गाउँपालिकाले यस वर्ष रु.10 लाख भन्दा बढीका जम्मा 92 वटा योजना संचालन गरेकोमा रु.10 लाख भन्दा मुनिका 160 वटा योजनाहरु रहेका छन् । साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था भएकोले दिगो प्रतिफलयुक्त ठूला योजना निर्माण तथा व्यवस्थापनमा जोड दिनु पर्दछ ।
</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>
लेखापरीक्षण प्रतिवेदन उपर छलफल<br>
लेखापरीक्षण ऐन २०७५ को दफा २०मा महालेखापरीक्षकले जारी गरेको अन्तिम लेखापरीक्षण प्रतिवेदन स्थानीय तहको प्रचलित कानून बमोजिम सम्बन्धित स्थानीय तहको सभामा पेश गरी छलफल गर्नु पर्ने व्यवस्था छ ।जस अनुसार स्थानीय तहले सभा सदस्यहरु मध्येबाट स्थानीय तहको कानून बमोजिम लेखा समिति गठन गरी प्रतिवेदनमा उल्लेखित व्यहोराहरुमा दफावार छलफल गर्नु पर्दछ । यो वर्ष पालिकाले अन्तिम लेखापरीक्षण प्रतिवेदन सभामा छलफल नगरी कार्यपालिकाको वैठकमा पेश सम्म गरेको देखीयो । लेखापरीक्षण प्रतिवेदन उपर दफावार छलफल तथा निर्णय गरेको देखिएन । कानून बमोजिम सभामा दफावार छलफल तथा सो उपर आवश्यक निर्णय गरी कानूनको पालना तथा स्थानीय तहको व्यवस्थाकीय व्यवहारलाई संस्थागत गर्नु पर्दछ ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९ | | | **कानून र सञ्चालन स्थित**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस गाउँपालिकाले हालसम्म 9 वटा ऐन, 6वटा नियमावली, 12कार्यविधि र 3 वटा निर्देशिका गरी 30 वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएकोछ । | |
| २० | | | **न्यायिक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी 1 र यो बर्ष थप भएको 9 गरी कुल 10 विवाद दर्ता भएकोमा 9 फछ्र्यौट भई 1 बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१ | | | **स्थानीय तहका पदाधिकारी सुविधा**<br>नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु.55,79,500 सुविधा वापत भुक्तानी भएको छ । | |

| सि.नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष ६ जना | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य १८ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | 0 | 0 | 0 | 0 | 0 | 0 |
| २ | यातायात खर्च | 0 | 156000 | 72000 | 0 | 0 | 228000 |
| ३ | टेलिफोन,मोबाइल | 72000 | 60000 | 252000 | 216000 | 432000 | 1032000 |
| ४ | पुस्तक,पत्रीका/ईन्टरनेट | 60000 | 54000 | 288000 | 216000 | 432000 | 1050000 |
| ५ | समन्वय तथा सहजीकरण | 108000 | 84000 | 432000 | 360000 | 648000 | 1632000 |
| ६ | अतिथि सत्कार | 120000 | 108000 | 504000 | 0 | 0 | 732000 |
| ७ | खानेपानी/बिजुली/ सरसफाई | 42000 | 36000 | 144000 | 144000 | 216000 | 582000 |
| ८ | चाडपर्व खर्च | 25000 | 22500 | 96000 | 54000 | 126000 | 323500 |
| | **जम्मा** | **427000** | **520500** | **1788000** | **990000** | **1854000** | **5579500** |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २२ | | | **खाना तथा विविध खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर गाउँपालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.14,13,445 खर्च गरेको छ । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ । | |
| २३ | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर गाउँपालिकाले यस वर्ष रु.10,24,500 आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| २४ | | | **अनुगमन प्रतिवेदन**<br>विशेष अनुदान सम्बन्धी कार्यविधि २०७५ को बुँदा नं ११ मा विशेष अनुदानबाट संचालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहले नियमित अनुगमन गर्नु पर्ने र सोको अनुगम प्रतिवेदनतथा चौमासिक रुपमा प्रगति प्रतिवेदन प्रदेश मन्त्रालय, नेपाल सरकारको सम्बन्धित विषयग मन्त्रालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नु पर्ने व्यवस्था छ ।त्यसैगरी समपुरक अनुदानबाट संचालित योजनाहरुको नियमित अनुगमन गर्न सम्बन्धित योजना प्रभावित क्षेत्रको निर्वाचित प्रदेश सभा सदस्यको अध्यक्षतामा गठित अनुगमन समितिले अनुगमन प्रतिवेदन तयार गरी सम्बन्धित प्रदेश सरकार समक्ष पेश गर्नु पर्ने व्यवस्था छ । यस पालिकाबाट निम्नानुसार विशेष तथा समपुरक अनुदान अन्तर्गत संचालितनिम्नानुसार योजनाहरुको कार्यविधिमा भएको व्यवस्था बमोजिम नियमित अनुगमन गरी अनुगमन तथा प्रगति विवरण सम्बन्धित निकायहरुमा पठाएको छैन । अनुदानबाट संचालित योजनाको नियमित अनुगमन गर्नु पर्दछ । | |
| २५ | | | **अनुदानको अनुगमन**<br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले कृषि, पशु, शैक्षिक सेवा, सामान खरिद गरी विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा खर्च लेख्ने गरेका छन । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२६</td><td></td><td></td><td>महोत्सव तथा अन्य खर्च<br>स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । तर गाउँपालिकाले यस वर्ष 2 महोत्सव कार्यमा रु.90,000 खर्च गरेको छ । महोत्सवमा खर्च गर्ने पद्धतिमा नियन्त्रण हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>ठेक्का व्यवस्थापन<br>सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ । पालिकाबाट संचालित योजनाको निर्माण कार्य देहाय बमोजिम भएको देखिन्छः (रु.हजारमा)<br>
<table>
<tr><th rowspan="2">कुल निर्माण खर्च</th><th colspan="2">सोझै खरिद</th><th colspan="2">उपभोक्ता मार्फत</th><th colspan="2">बोलपत्र</th></tr>
<tr><th>संख्या</th><th>रकम</th><th>संख्या</th><th>रकम</th><th>संख्या</th><th>रकम</th></tr>
<tr><td>147866</td><td>0</td><td>0</td><td>204</td><td>99049</td><td>15</td><td>48816</td></tr>
</table></td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>बार्षिक खरिद योजना। गुरुयोजना<br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.17 करोड 81 लाख 49 हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>आयको अनुमान<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । गाउँपालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.372603 हजार आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७7।७8 मा रु. 7336054 आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३० | | | **आन्तरिक आय**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७7।७8 मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।<br><table><tr><th>केन्द्रिय अनुदानबाट खर्च</th><th>आन्तरिक आय</th><th>आन्तरिक आय प्रतिशत</th></tr><tr><td>302167350.5</td><td>7336054.60</td><td>2.43</td></tr></table><br>उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा 2.43प्रतिशत मात्र रहेको छ । त्यसैले गाउँपालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ३१ | | | **स्थानीय तहरुको विभाज्य कोष**<br>प्रदेशहरुको आन्तरिक आय व्याावस्थापन गर्न बनेको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १५ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्क मानोरञ्जन कर लागतका शुल्क तथा करको सङ्कलनबाट उठेको शुल्क मध्ये साठी प्रतिशतले हुने रकम स्थानीयतहले स्थानीय सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले बाडफाड गर्नुपर्ने बिभाज्यकोषको हिसाव राखेका छैनन । जसबाट अतिरिक्त बिज्ञापन, मनोरन्जन कर यर्थाथ असुलीका अभिलेख नहुदा बिभाज्यकोषको बारेमा एकिन हुन सकिएन । अभिलेख प्रणाली व्यवस्थित गरी बिभाज्यकोषको रकम बाडफाड गर्नुपर्दछ । | |
| ३२ | | | **राजश्व अभिलेख**<br>कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । गाउँपालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पु¥याउनुपर्ने देखियो । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३३ | | | **राजश्व दाखिला**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,2076 को दफा २८ (2) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरि स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजस्व रकम दाखिला नगरेमा सम्बन्धित तालुक कार्यालयले १० दिन वा सो भन्दा वढी ढिला गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको 10 प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ६ वटा वडा कार्यालय, विभिन्न शाखा तथा गाउँपालिका प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ । | |
| ३४ | | | **सवारी कर**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा गाउँपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७७।७8 मा गाउँपालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ । | |
| ३५ | | | **मनोरञ्जन कर**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७७।७8 मा गाउँपालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । यस गाउँपालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ । | |
| ३६ | | | **व्यवसाय कर**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । आर्थिक वर्ष २०७७।७8 मा गाउँपालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । गाउँपालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७ | | | **प्राविधिक बिल र कार्य सम्पन्न**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्मस् अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्मस् अनुसार उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ३८ | | | **हेभि इक्विपमेन्ट प्रयोग**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । प्राविधिकको सिफारिसको आधारमा मात्र उपभोक्ता समितिलाई हेभि ईक्विपमेण्ट प्रयोग गर्न दिइनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३९ | | | **निःशुल्क पाठ्यपुस्तक अनुदान**<br>कार्यक्रम कार्यान्वयन निर्देशिका २०७6।77 को सि.नं. ३.१ अनुसार एकीन संख्याका आधारमा दोस्रो चौमासिक भित्र विद्यालयहरुलाई अनुदान दिनुपर्ने व्यवस्था छ । यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र त्यसपछी वैशाखबाट शुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा संख्या एकीन गरी नपुग हुने रकम मात्र थप अनुदान दिने व्यवस्था उल्लेख छ । पालिकाले निम्न विद्यालयलाई दिएको अनुदानमा विद्यार्थि संख्या भन्दा वढी निकासा दिएकोले उक्त रकम असुल गर्नुपर्ने रु. | ११,०३६ |

| **विद्यालयको नाम** | **दर** | MIS **अनुसारको डाटा** | **अनुदान दिएको संख्या** | **वढी संख्या** | **कुल रकम** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| कालिका आ.वि | 518 | 55 | 57 | 2 | 1036 | निशुल्क पाठ्यपुस्तक बापत |
| जनता जनार्दन | 200 | 257 | 307 | 50 | 10000 | **PCF** अनुदान |
| **जम्मा** | | | | | **11036** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४०</td><td></td><td></td><td>

**नर्म्स भन्दा बढी भुक्तानी**

अर्थ मन्त्रालयबाट जारी कार्यसञ्चालन निर्देशिका, २०७५ अनुसार गाउँपालिका स्तरमा सञ्चालन हुने सहायकस्तर तथा अन्य तालिम कार्यक्रममा प्रशिक्षक भत्ता वापत प्रति सेशन रु. ६०० र कार्यपत्र वापत रु.700 पाउने साथै सम्बन्धित कार्यालयले संचालन गरेको तालिममा सोहि कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए बापतको पारीश्रमिक नपाउने तर कार्यपत्र बापतको भत्ता पाउने उल्लेख छ । कार्यालयले देहायका कार्यक्रम संचालन गर्दा कार्यसञ्चालन निर्देशिकाले तोकेभन्दा बढी भत्ता भुक्तानी गरेकोले बढी भुक्तानी सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु.

<table>
<tr><th>भौ.नं. र मिति</th><th>कार्यक्रमको नाम</th><th>प्रशिक्षकको नाम</th><th>भुक्तानी रकम</th><th>हुनुपर्ने रकम</th><th>बढी भुक्तानी रकम</th><th>कैफियत</th></tr>
<tr><td rowspan="2">180/078/3/17</td><td rowspan="2">लागत साझेदारीमा भैसि प्रवर्धन कार्यक्रम तालिम प्रतिवेदन लेखन</td><td>श्री भक्त बहादुर शिंह</td><td>2550</td><td>595</td><td>1955</td><td></td></tr>
<tr><td>श्री सिद्ध उपाध्यय</td><td>2550</td><td>595</td><td>1955</td><td></td></tr>
<tr><td></td><td>2078/2/14 र 25 मा पालिकामा संचालन भएको तालिम</td><td>श्री भक्त बहादुर शिंह<br>श्री दिर्घ व. खाती<br>श्री मदन व. खड्का<br>श्री सिद्ध उपाध्याय</td><td>10200<br>7650<br>1275<br>1275</td><td>4080<br>3060<br>510<br>510</td><td>6120<br>4590<br>765<br>765</td><td>8 क्लास<br>6 क्लास<br>1 क्लास<br>1 क्लास</td></tr>
<tr><td colspan="3">जम्मा</td><td></td><td></td><td>16150</td><td></td></tr>
</table>

</td><td>१६,१५०</td></tr>
<tr><td>४१</td><td></td><td></td><td>

**नर्म् विपरितको भुक्तानी**

अर्थ मन्त्रालय कार्यसञ्चालन निर्देशिका, २०७५ अनुसार गाउँपालिका स्तरमा सञ्चालन हुने सहायकस्तर तथा अन्य तालिम कार्यक्रममा तालिम सहजिकरण बापतको पारीश्रमिक नपाउने उल्लेख छ । कार्यालयले देहायका कार्यक्रममा कार्यसञ्चालन निर्देशिकाको विपरित भत्ता भुक्तानी गरेकोले नपाउने भत्ता भुक्तानी सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु.

<table>
<tr><th>भौ.न/मिति</th><th>विषय</th><th>भत्ता लिनेको नाम</th><th>दिन</th><th>दर</th><th>कर कट्टी पछिको</th></tr>
</table>

</td><td>२८,७००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | भुक्तानी | |
| | | | 109/077/12/29 | ३ दिने बाख्रा पालन सम्बन्धि तालिममा सहजिकरण | श्री भक्त व.शिंह | 6 | 1500 | 7650 | |
| | | | | | श्री दिर्घ बहादुर खाति | 4 | 1500 | 5100 | |
| | | | | | श्रि सिद्ध उपाध्याय | 1 | 1500 | 1275 | |
| | | | | | श्री सिर्जना डुम्रेल | 1 | 1500 | 1275 | |
| | | | 123/078/1/17 | साना व्यवसाय कृषि उत्पादन केन्द्र विकास कार्यक्रम २ दिने तालिम सहजिकरण | श्री नवराज सापकोटा | 1 | 1500 | 1275 | |
| | | | | | श्री दिपक कार्की | 1 | 1500 | 1275 | |
| | | | | | श्री भक्त व.सिंह | 2 | 1500 | 2550 | |
| | | | | | श्री मदन व.खड्का | 2 | 1500 | 2550 | |
| | | | | | श्री सिद्ध उपाध्याय | 2 | 1500 | 2550 | |
| | | | | 2078/2/14 र 25 मा पालिकामा संचालन भएको तालिमको अनुगमन भनि भत्ता भुक्तानी | श्री तेज व.डुम्रेल<br>श्री नवराज सापकोटा | | 1600<br>1600 | 1600<br>1600 | |
| | | | | **जम्मा** | | | | **28700** | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२ | | | **औषधि खरिद** | |
| ४२.१ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । गाउँपालिकाले कोटेशन माग गरी रु.28,66,000 औषधी सोझै खरीद गरेको छ ।<br>औषधि खरिद सम्बन्धमा राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भएको औषधीको मुल्य अनुसारको ओषधि खरीद कार्य नगरेको, समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाटSpecification अनुसार परीक्षण गरेर जिन्सी दाखीला गर्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन भन्ने लेवलमा खुलाएको प्रमाण समावेश नभएकोले तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए नभएको एकीन गरी औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारेर जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ४२.२ | | | खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको, | |
| ४२.३ | | | आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको, | |
| ४२.४ | | | आपूर्ति भएका औषधी एंवम सर्जिकल समान<br>स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र<br>म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।दनका आधारमा | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२.५ | | | औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,<br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ४३ | | | **प्रधानमन्त्रि रोजगार**<br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको प्रथमिकिकरण गर्ने सूचकहरु तय नगरेको कारण पर्न आएका वेरोजागरी निवेदनलाई छानविन गरी वेरोजागारको तथ्याङ्क एकिन गर्न सकेको देखिएन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक योजना छनौट भएका देखिन्छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । विभिन्न 25 वटा योजना कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमाबाटो निर्माण,गोरेटो बाटो निर्माण, सडक नाली निर्माण लगायतका कार्यक्रम सञ्चालन गरी 920 जनालाई समग्रमा न्यूनतम २ दिन देखि अधिकतम 139 दिन सम्म रोजगारी उपलव्ध गराई श्रमिक ज्याला, प्रशासनिक खर्च र कार्यक्रम खर्च समेतमा रु.1 करोड २७ लाख ४५ हजार खर्च लेखेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना भएको देखिंदैन । रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेको उक्त कार्यक्रममा रोजगारमुखी योजना कार्यान्वयन गर्दा बजेट, बेरोजगारीको संख्या र सम्भाव्य योजना समेत मिल्ने गरी कार्यक्रम छनौट एवं स्वीकृत गरेर कार्यक्रम कार्यान्वयन गर्नु पर्नेमा सो वेगर वजेट खर्च भएको छ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४४ | | | **कन्टिन्जेन्सी खर्चको अभिलेख**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत का दरले बिलबाट रु. 16 लाख 20 हजार रकम कट्टी गर्ने गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन। | |
| ४५ | | | **कार्य सम्पन्न प्रतिवेदन**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था दिखएन । | |
| ४६ | | | **सार्वजनिक परिक्षण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन। सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबद्धधन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । | |
| ४७ | | | **गुणस्तर परिक्षण**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ मा सार्वजनिक निर्माण कार्य स्वीकार गर्दा प्राविधिक स्पेसिफिकेशन अनुरुपको गुणस्तर कायम रहेको हुनु पर्ने व्यवस्था छ ।निर्माण कार्यको प्राविधिक स्पेसिफिकेशनमा गुणस्तर आश्वस्थता योजना पेश गर्ने र सोही योजनाको कार्यान्वयन हुनु पर्ने उल्लेख छ । कार्यालयले यो वर्ष विभिन्न भवन तथा अन्य संरचना निर्माणमा प्रयोग भएका डण्डी गिटि वालुवा ईटा सिमेण्ट लगायतका निर्माण सामाग्रीहरुको गुणस्तर परिक्षण गरेको देखिएन । प्राविधिक स्पेसिफिकेशन अनुसार सबै निर्माण सामाग्रीहरुको गगुणस्तर परीक्षण गरी गुणस्तर प्रति आश्वस्त हुनुपर्दछ । | |
| ४८ | | | **लागत अनुमान** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४८.१ | | | सार्वजनिक खरिद ऐन, 2063 को दफा ५ मा निर्माण कार्य बाहेक रु. 1 लाख भन्दा बढीको सार्वजनिक निकायले खरिद गर्नुपर्दा लागत अनुमान बनाउनु पर्ने व्यवस्था छ । भौचर नं. 24/077/11/18 बाट सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना अन्तर्गत मूल्य अभिवृद्धि कर सहित रु. 629184। मा डेस्कटप कम्प्युटर 7 थान, प्रिन्टर 6 थान, स्कानर 6 थान र डङ्ली 4G 6 थान कैलपाल कम्प्युटर सेल्स एण्ड स्पेयर बाट खरिद गरी भुक्तानी दिएको देखियो । खरिद भएका सामानहरुको आपूर्तकले स्पेशिफीकेशन खुलाएर विजक जारी नगरेको तथा वारेण्टी अवधि खुल्ने कुनै कागजात पेश नभएको र प्राविधिक जाँचबुझ नगरी पालिकाले जिन्सी दाखिला गरेको देखियो । स्पेशिफीकेशन नखुल्दा बास्तविक खरिद लागत ठिक छ भन्न सकिने आधार देखिएन । पालिकाले खरिद अगावै लागत अनुमान तयार गरेको विवरण भौचरमा समावेश गरेको देखिएन । लागत अनुमान तयार गरी सोको आधारमा खरिद गरी प्राविधिक जाँचबुझ गराई खरिद सामानहरु स्विकार गर्नुपर्नेमा सो गरेको नदेखिएकोले स्पेशिफिकेशन खुलाई प्राविधिक जाँच गरी जिन्सी अद्यावधिक गरी नियमित गर्नुपर्ने देखिएको रु. | ६२९,१८४ |
| ४८.२ | | | सोही अनुसार भौचर नं. 28-077/12/12 मा सफ्टवेयर एप्लीकेशन एण्ड इन्फरमेशन टेक्नोलोजी (303777728) बाट कम्प्युटर खरिद गर्दा स्पेशिफीकेशन नखुलेको विजक स्विकार गरी दाखिला गरेको देखिएकोले प्राविधिक जाँच गरी स्पेशीफीकेशन खुलाई जिन्सी अद्यावधिक गरी नियमित गर्नुपर्ने देखिएको रु | ९२,६६० |
| ४९ | | | **बढी दररेट**<br>सार्वजनिक खरिद नियमावली, 2064 को नियम 10 को उपनियम 4 मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा नर्म्स तथा दररेट निर्धारण समितिले तोकेको आधारमा निर्धारण गर्नु पर्ने व्यवस्था छ । भौचर नं. 30-077/12/26 बाट मैल्लेख डौड पतिहाल्ने सडक स्तोरोन्नतीको पहिलो रनिङ विल भुक्तानी गर्दा नरम माटो खन्ने कार्यको 2503 घनमिटरको प्रति घनमिटर रु. 361।90 का दरले गणना गरी 905835। भुक्तानी दिएको देखियो । दर विश्लेषण बमोजिम नरम माटो खन्ने कार्यमा अदक्ष कामदारको म्याण्डेज 0.5 दिनुपर्नेमा 0.7 दिएकोले प्रति घनमिटर रु. 300 बाट रु.361 भएको र सोही बमोजिम गणना भएको देखियो । 0.5 म्याण्डेजको रु. 300 का दरले गणना गर्दा प्रति घनमिटर रु. 61। का दरले 2503 घनमिटरको रु. 152683। बढी व्ययभार परेको देखिएको रु. | १५२,६८३ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५० | | | **विद्यालय रेट्रोफिटिङ्ग** सार्वजनिक खरिद नियमावली, 2064 को नियम 123 मा रनिङ विल वा अन्य कुनै बिल बिजक भुक्तानी गर्दा वास्तविक कार्यसम्पादनका आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट मिति 2077/3/14 मा रु. 15 लाख निकासा भएको रकम कालिका माविको रेट्रो फिटिङ गर्ने कार्यको लागि पेश्की दिएको देखियो । भौचर नं. 46-078/3/7 बाट निर्माण व्यवसायि फर्म प्रेम डेभलपर्स ग्रुप प्रा.लि. को विजकबाट रु. 9 लाख काम गराएको विजक पेश भएको छ । सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 को 10 मा उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायीबाट गराउन नहुने व्यवस्था भएकोमा विद्यालयले निर्माण व्यवसायिबाट काम गराएको प्रमाण देखिएको हुनाले नियमसम्मत मान्न सकिदैन । | |
| ५१ | | | **बिज्ञापन छुट** सरकारी स्वामित्वमा रहेको गोरखापत्र संस्थानले विभिन्न मितिमा सरकारी निकायहरुबाट प्राप्त हुने विज्ञापनमा 25 प्रतिशत छुट दिने व्यवस्था गरी सूचना प्रकाशित गरेको र सरकारी निकायलाई सो बमोजिम छुट प्राप्त हुनेगर्दछ । पालिकाले देहायका भौचरबाट न्यून प्रतिशत छुट गरी भुक्तानी दिएको देखियो। पालिकाले विज्ञापन छुट लिदा न्यूनतम 25 प्रतिशत लिनु पर्नेमा सो नगरी बढी व्ययभार परेको देखिएको रु. (तलको तालिका हेर्नुहोस्) | ३०,३७८ |
| ५२ | | | **बढी पेश्की** पालिकाले उपभोक्ता समितिबाट सम्पादन हुने कामको लागि पेश्की दिनुपर्दा लागत अनुमानको 30 प्रतिशत सम्म दिने गरेको देखियो । कालाढुङ्गा आधारभूत विद्यालयको रेट्रोफिटिङको लागत अनुमान रु. 1842346। रहेकोमा मिति 2078/3/18 मा रु. 1437000। पेश्की दिएको छ । आफूले बनाएको व्यवस्था विपरीत कामको प्रगति नलिई रु. 885000। बढी पेश्की दिएको देखिएको रु. | ८८५,००० |
| ५३ | | | **नर्म्स तथा नापी** | १,७०३,८१२ |

| क्रस | विज्ञापन दिएको फर्म | भुक्तानि रकम | 25% छुट अपुग रकम |
|---|---|---|---|
| **1.** | 131-078/3/30 दिक्षान्त विज्ञापन सेवा 15% मात्र छुट लिएको | 298502.0 | 30378.0 |
| | **जम्मा** | | **30378** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सार्वजनिक खरिद नियमावली, 2064 को नियम 10 को उपनियम 4 मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा नर्म्स तथा दररेट निर्धारण समितिले तोकेको आधारमा निर्धारण गर्नु पर्ने व्यवस्था छ । पालिकाले देहायका निर्माण कार्यमा नर्म्स बमोजिम भुक्तानी दिएको नदेखिएकोले सम्बन्धित प्राविधिकलाई जिम्मेवार बनाई उपभोक्ता समितिबाट असुल हुनुपर्ने देखिएको रु. | |

| क्रस | विवरण | रकम रु |
|---|---|---|
| 1. | भौचर नं. 80-078/3/28 बाट श्री भवानीस्थान मावि ४ कोठे भवन निर्माणको आइटम नं. 11 मा फोमको कार्य विओक्यू बमोजिम प्रति वर्गमिटर रु. 499।60 हुनपर्नेमा 252.75 वर्गमिटरको 868।70 अनुसार गणना गरी रु. 369। प्रति वर्गमिटर बढी भएकोले जम्मा हुनआउने रु 93290। असुल हुनुपर्दछ । | 93290.0 |
| 2. | भौ.नं 66-078/3/24 बाट कालिका आविको शौचालय निर्माण कार्यको माटो खन्ने कार्य अदक्ष कामदारको 0.6 म्याण्डेज रु. 390। दिनुपर्नेमा 0.7 को रु. 461।44 को दरले 29.51 घनमिटरको रु. 71.44 को दरले बढी भएको रु. 2108 | 2108.0 |
| 3. | भौ.नं. 75-078/3/27 बाट छपाली माविको stone masonary work mud mortar in foundation को कार्य दर विश्लेषण अनुसार रु 4020। प्रति घनमिटर दिनुपर्नेमा रु 56.19 घनमिटरको रु. 4867 ले भुक्तानी गरेको देखिएकोले बढी दर रु. 847 ले ५६.19 घनमिटरको हुने रु. 47592। असूल हुनुपर्दछ । | 47592.0 |
| 4. | भौचर नं. 120-078/3/30 बाट मेल्लेक पातिहाल्ने सडक ग्राभेल कार्यको पहिलो रनिङ विलमा ग्राभल गर्ने कार्य चेनेज 0+050-1+800 सम्म गणना गर्दा नापि किताव बमोजिम 2168 घनमिटर हुनुपर्नेमा उचाईको भागले गुणन नगरी 10840 वर्गमिटरको रु. 81।60 को दरले रु. 999534।72 भुक्तानी भएको छ । ग्राभल गर्ने कार्य घनमिटर इकाइमा हुनपर्नेमा वर्गमिटरको इकाइबाट गणना गरेको देखियो । नापी किताव बमोजिम उचाइलाई आधार लिइ गणना गर्दा 2168 घनमिटरको विओक्यू रेट 81।60 बमोजम गणना गर्दा भ्याट सहित 199906। मात्र हुने भएकाले रु. 799629। बढी भुक्तानि भएको देखिन्छ । यस सम्वन्धमा पालिका स्वयम् एकिन हुनुपर्ने देखिएको रकम रु | 799629.0 |
| 5. | भौचर नं. 35-077/10/27 भागवुये सडक निर्माण कार्य कोटेशनबाट छनौट भएको गैरेल निर्माण सेवाले कोटेशनमा उल्लेख गरेको दररेट अनुसार पहिरो सफाई गर्ने कार्य 355।98 भएकोमा 635।11 घनमिटरको नापी कितावमा रु. 400। को दरले गणाना गरेकोले बढि हुने रु. 27958। र | 55526.0 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|
| | | | | सोलिङ गर्ने कार्य सम्झौता बमोजिम रु. 3141।53 प्रति घनमिटर भएकोमा 67.5 घनमिटरको रु. 3550। को दरले प्राविधिक विल उठाएको देखिएकोले बढी हुने रु. 27568। सिहत जम्मा रु. 55526। बढी भुक्तानी असुल हुनुपर्दछ । | | |
| | | | 6. | 41-077/10/28 कोराडी छपाली कौराडी सडकको भुक्तानी रु. 498187। को विजक वेगर भुक्तानी भएको देखिएको रु | 498187.0 | |
| | | | 7. | 114-078/3/21 पानी मुल देखि भवानी स्थान मावि सडकको ग्याविन भर्ने कार्य नापी किताव बमोजिम 90 वटा 2*1*1 को ग्याविन दिएकोमा उपभोक्ताबाट पेश भएको विजकमा 78 वटा मात्र खरिद गरेको देखिएकोले नापी किताव बमोजिम 12 वटा ग्याविनको 2*1*1 को २४ घनमिटरको रु. 8645। का दरले हुने रु. 207480.0 बढी भुक्तानी भएको देखिन्छ । | 207480.0 | |
| | | | | | **1703812** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५४ | | | **पाठ्यपुस्तक अनुदान**<br>शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी गरीएको कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७7।७8 को सि.नं. 9.5, 9.7 र 9.8 अनुसार माध्यमिक विद्यालयमा पुस्तकालयका लागि अनुदान कार्यक्रममा विद्यालयबाट प्रस्ताव माग गरी उक्त प्रस्तावका आधारमा विद्यालय छनौट तथा सम्झौता गरी एकमुष्ट रू. ६लाख ५० हजार अनुदान दिने र उक्त अनुदानबाट विद्यालयले पाठ्यपुस्तक, पाठ्यक्रम, शिक्षक निर्देशिका, सन्दर्भ सामग्री खरिद गर्ने तथा कुल रकमको 25% रकम लाइब्रेरीका लागि आवश्यक फर्निचरहरु र्‍याक, टेवुल लगायतका सामग्रीहरु सार्वजनिक खरिद ऐन अनुसार खर्च गर्ने उल्लेख छ । साथै यसरी प्राप्त अनुदानबाट विद्यार्थीको दैनिक पठन पाठनसँग असम्वन्धित र असान्दर्भिक पुस्तक तथा सामग्रीहरु खरिद गर्न नपाइने उल्लेख छ । पालिकाले यस वर्ष देहायका विद्यालयहरुलाई पाठ्यपुस्तक अनुदान वापत रु. 6 लाख 50 हजार निकास दिएको देखियो । आईसिटि ल्याव स्थापनाको लागि प्राप्त अनुदान खरिद गर्दा सार्वजनिक खरिद ऐन, 2063 को दफा 5 बमोजिम लागत अनुमान तयार नगरेको, सार्वजनिक खरिद नियमावली, 2064 को नियम 84 बमोजिम 20 लाख सम्मको लागत अनुमान भएको मालसामान खरिद गर्दा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्नुपर्नेमा सो गरेको देखिएन । साथै आयकर ऐनको दफा 88 बमोजिम भुक्तानि दिदा अग्रिम कर कट्टा गरेको देखिएन । यसबाट कार्यक्रम कार्यान्वयन निर्देशिकाले तोके बमोजिमको कार्य भएको हो भन्न सकिने आधार देखिएन । पालिकाले अनुदान दिएको रकमको अनुगमन गर्नुपर्दछ ।<br><br>सि.नं. \| विद्यालयको नाम \| अनुदान कार्यक्रम \| रकम<br>**1.** \| श्री ओम आवि \| आइसिटि ल्याव \| ६५००००<br>जम्मा \| \| \| ६५०००० | |
| ५५ | | | **विद्युत्तिय सामान खरिद**<br>सामान खरिद गर्दा आपूर्तकले आफ्नो व्यवसाय दर्तामा कारोवार गर्न पाउने व्यवासय उल्लेख गरी दर्ता प्रमाण पत्र लिएको हुनुपर्दछ र सोही बमोजिमको व्यवासायीक कारोवार गर्नुपर्दछ । भौचर नं. 78-078/3/28 बाट लघु तथा साना जलविद्युत्त आयोजना मर्मत खर्च रु. 498750। एप्रोपियट इन्जिनियरिङ, बुटवललाई कोटेशनबाट छनौट गरी भुक्तानी गरेको छ । निज फर्मले पेश गरेको व्यवसाय दर्ता प्रमाणपत्रमा इलेक्ट्रोनिक्स सामान तथा ग्रील उद्योग संचालन गर्ने रहेको देखियो । लघु जलविद्युत्तमा विद्युत्तिय सामानहरु आवश्यक पर्ने तर इलेक्ट्रोनिक्स कारोबार गर्ने फर्मबाट खरिद गरेको देखिएकोले व्यवसाय प्रयोजन अनुसार निमलेको देखिएको रु. | ४९८,७५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५६ | | | **पेश्की जमानतको म्याद**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ मा निर्माण व्यवसायीलाई पेश्की दिदा राखिएको पेश्की जमानतको म्याद सम्झौतामा उल्लिखित पेश्की फछ्यौंट गर्ने अवधि भन्दा कम्तिमा एक महिना बढी हुनु पर्नेछ भन्ने व्यवस्था उल्लेख छ । पालिकाले गाउँपालिका भवन निर्माण ठेक्का नम्वर 07/SRM/2076/77को निर्माण व्यवसायि रोयल -प्रशंसा जेभी धनगढीको पेश्की दिएकोमा लेखापरीक्षण अवधि २०७8असोज ५ सम्म रु. 6400000। पेश्की फछ्यौंट भएको छैन तर पेश्की जमानतको रुपमा पेश गरेको बैङ्क जमानतको म्याद 8 जुलाई 2021 मा सकिएको अवस्था छ । पहिलो पटकको म्याद थपको अवधिमा कार्य समपन्न नभएको अवस्थामा खरिद नियमावली बमोजिम कारवाही गरी खरिद कार्यलाई व्यवस्थित बनाउन आवश्यक ध्यान जानु पर्दछ । अत पेश्की बैङ्क जमानतको म्याद थप गर्नुपर्दछ । | |
| ५७ | | | **डिपीआर खर्च**<br>बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । पालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । | |

| कार्य विवरण | परामर्शदाता | खर्च रकम |
|---|---|---|
| जनता जनार्दन मिवि | सेती इन्जिनियरिङ कन्सल्टेन्सी (106041932) | 393000.0 |
| खानाको६ कुसेना औल सडक | क्वारज्वाइट इन्जिनियरिङ कन्सल्टेन्सी एण्ड कन्ष्ट्रक्सन (609871434) | 459956.0 |
| वडा नं. 2 कार्यालय भवन | लोकल एक्सन फर ग्लोवल हेल्थ एण्ड रिसर्च | 296000.0 |
| छपाली कुसेना गरिचौका सडक | पव्लिक इन्जिनियरिङ कन्सल्टेन्सी (607489729) | 395500.0 |
| **जम्मा:** | | 1544456 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५८ | | | **आनुपातिक भुक्तानी**<br>सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 (4) मा उपभोक्ता समितिलाई निर्माण कार्य वा सेवाको काम वापत भुक्तानी दिँदा लागत अनुमानमा रहेको जनसहभागिता अंश कट्टा गरेर मात्र दिनुपर्ने व्यवस्था छ । पालिकाले छपाली कौराडी सडक उसलाई रु. 939000। भुक्तानी दिएकोमा जनश्रमदान न्यूनतम 10 प्रतिशत कट्टा गरी पालिकाले रु. 834097। मात्र भुक्तानी गर्नुपर्नेमा रु. 104903। बढी भुक्तानि गरेको देखिएकोले असुल हुनुपर्ने देखिएको रु. | १०४,९०३ |
| ५९ | | | **बढी दरमा काम** | |
| ५९.१ | | | भौचर नं. 94-078/3/8 बाट नारा-दल्लेख सडक निर्माणको लागत अनुमान संलग्न नराखी व्याक कटिङ कार्य रोनित निर्माण सेवा गन्यापधुर डडेलधुरा लाई प्रति घनिमटर रु. 225। को दरले रु. 493060। भुक्तानी गरेको छ । सोही प्रकारका अन्य सडक निर्माण कार्यमा प्रति घनमिटर लागत अनुमा रु 70 कायम गरी भुक्तानी दिएको देखियो जस अनुसार 1939 घनमिटरको रु. 155 प्रति घनमिटरले रु. 300545। बढी भुक्तानी गरेको देखिन्छ । पालिकाले विभिन्न प्रकारको माटो कटिङ्ग र चट्टान कटिङ्गको नापजाँच नै नगरी एकमुष्ट दरमा भुक्तानी गरेको देखिएकोले वढी दरमा भुक्तानी गर्नुको प्राविधिक पुष्ट्याई पेश हुनुपर्ने रु. | ३००,५४५ |
| ५९.२ | | | सोही बमोजिम वडा नं. 1 छपाली खानकोट कुसेना औल सडक नरम माटो र विएमएस माटो कटीङ गर्ने कार्य लागत अनुमान तयार नगरी प्रति घनमिटर रु. 90 र रु. 150 का दरले दिएको छ । यस्तै प्रकारको अन्य कार्यमा दुवै माटोको प्रति घनमिटर रु. 70 को दरले भुक्तानी भएको छ । लागत अनुमान तयार नगरी जम्मा माटो कटिङ 1697 घनमिटरको रु. 70 का दरले दिनुपर्नेमा बढि दरमा भुक्तानी गर्दा रु. 49690। बढी भुक्तानी भएको देखिन्छ । लागत<br>अनुमान तयार गरी समान किसिमका काममा दर निर्धारणमा एकरुपता ल्याउनुपर्ने देखिन्छ । | |
| ६० | | | **धरौटी कट्टा**<br>सार्वजनिक खरिद नियमावली, 2064 को नियम 123 को 4 मा सार्वजनिक निकायले खरिद सम्झौता बमोजिम भुक्तानी गर्दा रिटेन्सन मनी वापत रनिङ वा अन्य बिजकमा उल्लिखित रकमको पाँच प्रतिशत रकम कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले भौचरन 177 बाट गाउँपिलका भवन निर्माण कार्यको दोश्रो रनिङ विल रोयल /प्रशंसा जे.भी लाई रु. 15424869। भुक्तानी गर्दा धरौटी वापत हुने रु. 682517। कट्टा नगरेको देखिएकोले असुल गरी धरौटी दाखिला हुनुपर्ने रु. साथै उक्त भुक्तानीमा विओक्यु पेश नभएकोले भुक्तानी विओक्यू बमोजिम भए नभएको एकिन गर्न सकिएन । पालिकाले विओक्यू बमोजिम भए नभएको प्राविधिकबाट पुन एकिन गर्नुपर्दछ । | ६८२,५१७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६१ | | | **प्रमाण पेश**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को नियम 39 (5)मा सरकारी रकमा खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले भौचर नं. 170-078/3/30 बाट सिँचाई पाइप बड्डा सप्लायर्सबाट खरिद गरी रु. 498839। भुक्तानी दिएको भएतापनि उक्त सामानको दाखिला प्रमाण तथा प्राविधिक नापी सहित खर्च प्रमाण पेश नभएको देखिएकोले दाखिला तथा प्राविधिक विल बमोजिम खर्च प्रमाण पेश हुनुपर्ने रु. | ४९८,८३९ |
| ६२ | | | **इन्धन खर्च**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व निमायवली, 2077 को नियम 39(5)मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न गरी खर्च गर्नुपर्ने व्यवस्था छ । त्यस्तै स्थानिय सरकार संचालन ऐनमा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, प्रभावकारिता, कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकामा चार पाङग्रे सवारी १ र मोटर साइकल ८ (संचालनमा रहेका ६) गरि ७ सवारी चालुहालतमा रहेका छन् ।यस वर्ष ईन्धन खर्चमा रु.12,48,441 (पदाधिकारी इन्धन बाहेक) खर्च भएको छ । इन्धन खर्च लेख्दा सवारी लकबुक राख्ने गरेको छैन भने कुन नम्बरको सवारीमा इन्धन भरीएको हो सो खुल्दैन साथै इन्धन खर्च दावि गरीएका अधिकांश अर्धकट्टीमा कार्यालयको छाप छैन । स्थानीय इन्धन विक्रेता एस.जि फ्यूल सेन्टरलाई इन्धन भुक्तानी दिदा बिक्रेता सँग भएको अर्डर स्लिपमा कार्यालय प्रमुख र लेखाप्रमुखको दस्तखत प्रयोग गरी शाखा प्रमुख,करार कर्मचारीको दस्तखत तथा पालिकाका अध्यक्ष र उपाध्यक्षले फोनमार्फत मौखिक अर्डरका आधारमा उक्त इन्धन बापतको विल कार्यलयमा पेश गरी भुक्तानी लिने गरेको केही उदाहरण तल उल्लेख गरिएको छ ।लेखापरीक्षणको क्रममा यस सम्बन्धमा प्रतिकृया लिदा कुनै अर्डर स्लीपमा भएको दस्तखत भेरीफाई गर्न नसकिएको साथै इन्धन वितरक संगनै अर्डर स्लीप रहने र गाउँपालिकाको नामबाट अर्डर भएको लेखि सोही अर्डरको आधारमा खर्च दावि गरेको देखिन्छ । यसरी फोनको आधारमा लिएको इन्धनको विलमा गाडि न. र सवारी धनिको नाम उल्लेख नहुने हुनाले कसलाई इन्धन उपलब्ध गराइएको सो समेत यकिन हुन सकेन । यस सम्बन्धमा पालिकाले छानविन गरी कार्यालयको रेकर्ड र आधिकारीक व्यक्तिको आदेश विना मौखिक आदेश दिने पदाधिकारीहरुबाट असुल गरिनुपर्ने रु. | २९,६३६ |

| भौ.न/मिति | अर्धकट्टी नं/मिति | इन्धन प्रकार | परिमाण | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| | 657077/6/10 | | 48 ली | | | अध्यक्षको फोन मार्फत अर्डर/अर्डर स्लिममा कार्यालयको छाप नभएको |
| | 2015/077/5/22 | | 52.18 | | | |
| | 3241/077/5/1 | | 52.6 | | | |
| | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | 3226/077/4/31 | डिजेल | 54 | 79.20 | | | | |
| | | | | 24/077/6/30 | 112/077/4/15 | | 52.5 | | | | | |
| | | | | | 2820/077/4/1 | | 48 | | | | | |
| | | | | | जम्मा | | 307.28 | | 20583 | | | |
| | | | | | 461/077/4/7 | पेट्रोल | 15 | 96.01 | 1441 | | | |
| | | | | | 1382/077/3/24 | | 16 | 96.1 | 1838 | | | |
| | | | | | 2487/077/8/15 | डिजेल | 60.1 | 79.20 | | | | |
| | | | | | 1652/077/2/9 | | 49.5 | | | | | |
| | | | | 78/077/8/24 | 279/077/6/27 | | 33.51 | | | | | |
| | | | | | 2138/077/6/24 | | 25 | | | | | |
| | | | | | जम्मा | | 168.11 | 79.20 | 2123 | | | |
| | | | | | कुल जम्मा | | | | 25985 | | | |
| | | | | | + मुल्य अभिवृद्धी | | | | 3378 | | | |
| | | | | | **जम्मा** | | | | **29363** | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६३ | | | **सट्टा शिक्षक भुक्तानी**<br>कार्यक्रम कार्यान्वियन निर्देशिका २०७६ अनुसार शिक्षक दरवन्दिका आधारमा चौमासिकरुपमा विद्यालयहरुलाई तलव निकासा दिनु पर्ने व्यवस्था छ । गाउँपालिकामा स्रोत शिक्षकको स्वीकृत दरवन्दी छैन भने शिक्षाका अन्य मिल्दो दरवन्दिमा समेत पद पुर्ति भएको देखिन्छ । स्रोत शिक्षक श्री पदमराज उपाध्यायको जोरायल गाउँपालिका घण्टेश्वर माध्यमिक विद्यालयमा दरबन्दि भई सोही विद्यालयबाट तलव भत्ता भुक्तानी भएको देखिन्छ । निज सायल गाउँपालिकामा काज आउदा उक्त विद्यालयमा शिक्षक नभएको भनि श्री लिलाधर भट्टलाई सट्टा सिक्षककोरुपमा नियुक्ति गरी सायल गाउँपालिका बाट तलव रु.35,990 र महंगि भत्ता रु.2,000 गरी कुल रु.37,990 साथै दशै भत्ता गरि वर्ष भरी कुल जम्मा रु.4,55,880 भुक्तानी भएकोले नियम विपरित सट्टा शिक्षक राखि पालिकाबाट खर्च भएको कर बाहेकको उक्त रकम सट्टा सिक्षक बापत दावि भुक्तानी गर्ने व्यक्तीवाट असूल हुनुपर्ने रु. | ४५१,३२१ |
| ६४ | | | **प्रमाण विनाको भुक्तानि**<br>5/077/6/9 आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व निमायवली, 2077 को नियम 39(5)मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल,भरपाई,प्रमाण र कागजात संलग्न गरी खर्च गर्नुपर्ने व्यवस्था छ । त्यसै गरी स्थानिय सरकार संचालन ऐनमा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, प्रभावकारिता, कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । स्वास्थ्य संयोजक शिवराज जोशीले माग फाराम भरी एच.डि.पि पाईप 20 एम.एम 1200 रनिङ मिटर प्रति मिटर रु.39 र सोमा लाग्ने जन्सेट २ पिस प्रति पिश रु.665 को दरले खरिद गरेकोमा जिन्सीमा मौज्दात देखिदैन भने वितरण वा प्रयोग भएको भरपाई पेश नगरी विल र भौचरको आधारमा मात्र रु.54,455 खर्च लेखेकोले उक्त प्रमाण विनाको खर्च सम्बन्धित कर्मचारीबाट असूल हुनुपर्ने रु. | ५४,४५५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६५ | | | **भ्रमण खर्च**<br>सुदूरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छनः<br>· अधिकांश भ्रमणको उद्वेश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>· नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br>· भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br>· कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br>· स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br>अतः स्पष्ट प्रयोजन र उद्वेश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| ६६ | | | **सामाजिक सुरक्षा बढी निकासा**<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर पालिकाले सामाजिक सुरक्षा भत्ताको वितरण वैंकिंङ प्रणालिबाट बितरण गर्ने गरेको छैन । गाउँपालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी एउटै नागरिकता नंबर र एउटै जन्म मिति भएका लाभग्राहीलाई २ वा सोभन्दा बढी परिचय पत्र जारी गरेको, मृत्यू भइसकेका लाभग्राहीको लगत कट्टा समयमै गर्ने नगरेको देखियो । कतिपयको प्रथम चौमासिकमा सामाजिक सुरक्षा नलिएकोमा पनि दोस्रो र तेस्रो चौमासिकमा भत्ता वितरण भएको देखिन्छ । छनौट गरी लिएको वडा र चौमासिक निकासाका आधारमा निम्न व्यक्तिको नाममा दोहोरो पर्न गएको देखिएकोले अन्यको समेत छानविन गरी दोहोरो भुक्तानी भएमा असुल हुनुपर्ने रु. | ४६,४०० |

| **वितरणको व्यहोरा** | **भत्ता पाउनेको नाम** | **जन्म मिति** | **संरक्षकको नाम** | **भत्तादर** | **कैफियत** |
|---|---|---|---|---|---|
| दलीत वालवालिका | कल्पना भुल | 075/7/25 | राधा भुल | 1600 | वडा नं.4 मा प्रथम चौमासिक भत्ता वितरण 1600 दोहोरो दिएको |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | 076/7/25 | | | | |
| | | | | कल्पना भुल | 076/9/24<br>076/11/4<br>076/9/24 | लक्ष्मि भुल | 1600 | वडा नं. 4 मा प्रथम चौमासिक भत्ता वितरणमा तेहेरो भइ 3200 बढी भुक्तानि भएको । | |
| | | | क्षेत्र तोकिएका वालवालिका | आरति खड्का | 075/5/20 | माया देवि खड्का | 1600 | वडा नं.५ मा प्रथम चौमासिक भत्ता वितरण 1600 तेहेरो दिएको | |
| | | | जेष्ठ नागरिक भत्ता | किरु लोहार कामी | ना.प्र.न 3-1588 | | 8000 | पहिलो किस्ता नलगेको तर दोस्रो र तेस्रो किस्ता दोहोरो नाम र ना.प्र.न राखी 16000 वढि लगेको | |
| | | | | गोमणि लोहार | ना.प्र.न 773-778 | | 8000 | | |
| | | | जेष्ठ नागरिक भत्ता | हिरा थापा | ना.प्र.न.287-29 | | 8000 | वडा न 1 तेस्रो किस्ता वितरण गर्दा दोहोरो नाममा वितरण गरी 8000 वढी | |
| | | | | **वढी भुक्तानी** | | | **46400** | | |
| ६७ | | | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को १६(घ) बैकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरणमा नगइसकेको स्थानीय तहको हकमा सम्बन्धित वडा समितिको रोहवरमा भत्ता रकम वितरण गर्नुपर्नेछ व्यवस्था छ । गाउँपालकाको विभिन्न वडाको सामाजिक सुरक्षा भत्ता रकम वितरणमा सो गरेको पाईएन । | | | | | | |
| ६८ | | | मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाच वर्ष उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैङ्क मार्फत वितरण भएकामा लागातार उक्त वर्षसम्म खाता निष्क्रिय भएमा, अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गरिनेछ । तर गाउँपालिकाले त्यस्तो लाभग्राहिको नामावलि समयमै कट्टी गर्ने नगरेको पाईयो । | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६९ | | | | १८८०६९० |

**पेश्कि बाकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७7 को नियम 47 मा सार्वजनिक निकायले कुनै प्रयोजनको लागि दिइएको पेश्की सो प्रयोजन सम्पन्न भएको मितिले २१ दिन भित्र फछ्र्यौट भै सक्नु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार कामको लागि पेश्कि दिइएकोमा आर्थिक वर्षको अन्त्य सम्म पेश्की फछ्र्यौट हुन नसकी पेश्की बाकीको विवरण कायम गरेको छ ।पेश्की बाकीको विवरण (म.ले.प.फा.नं.211) अनुसार पेश्की बाकी देखिएको पेश्की फछ्र्यौट हुनु पर्ने रु.

| **मिति** | **भौचर नं** | **पेश्की को विवरण** | **पेश्की लिनेको नाम** | **म्याद ननाघेको** | **म्याद नाघेको** |
|---|---|---|---|---|---|
| २०७८/०३/२८ | ४८० | विभिन्नव्यक्तिहरुलाई आर्थिक सहयोग | रामबहादुर सिंह | | २,५०,००० |
| २०७७/०५/३१ | Mobilisation | गाउँपालिका/वडाहरुकोभवन निर्माण | रोयलप्रशंसा जे भी | | २७,४५,१३१ |
| २०७८/०३/१५ | Mobilisation | जनताजनार्दन माध्यमिक विद्यालय छात्रावास भवन निर्माण | अनमोलनिर्माण सेवा | ६,००,००० | |
| २०७८/०३/२५ | Mobilisation | केराबारी घंगारे झिग्राना खण्ड पर्यटकीय सडक निर्माण(समपुरकअनुदान) | आर.डि.।भैरव शक्ति जे.भी. | ३,५०,००० | |
| २०७८/०३/२५ | Mobilisation | डौड-तोलेनी सडक निर्माण आयोजना (समानिकरण) | आर.डि.।भैरव शक्ति जे.भी. | २,००,००० | |
| २०७८/०३/२५ | Mobilisation | मेल्लेक-दल्लेखसडक निर्माण आयोजना (प्रदेश समपुरक) | आर.डि.।भैरव शक्ति जे.भी. | १,७५,००० | |
| २०७८/०३/२५ | Mobilisation | डौड-तोलेनी सडक निर्माण आयोजना (प्रदेश समपुरक) | आर.डि.।भैरव शक्ति जे.भी. | २,००,००० | |
| २०७८/०३/२५ | Mobilisation | मेल्लेक-दल्लेखसडक निर्माण आयोजना (समानिकरण अनुदान) | आर.डि.।भैरव शक्ति जे.भी. | १,७५,००० | |
| २०७८/०३/२८ | Mobilisation | जनताजनार्दन माध्यमिक विद्यालय छात्रावास भवन निर्माण | अनमोलनिर्माण सेवा | ६,००,००० | |
| | Mobilisation | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०७८/०३/२८ | | गाउँपालिका/वडाहरुकोभवन निर्माण | अनमोलनिर्माण सेवा | ३,५०,००० | | |
| | | | २०७७/०४/०१ | १ | केन्द्रियविद्युत लाइन विस्तार | नेपाल विद्युत प्राधिकरण दिपायल वितरण केन्द्र | ० | ४००००० | |
| | | | २०७८/०३/०९ | Mobilisation | दिपायल पातीहाल्ने सडक अन्तरगत मेल्लेक देखि पातीहाल्ने कृषि सडकस्तरोन्नती आयोजना(समानीकरण अनुदान) | श्री भैरबशक्ती निर्माण सेवा प्रा.लि. | २,६०,००० | | |
| | | | २०७८/०३/१८ | Mobilisation | विद्यालयभौतिक पुर्वाधार निर्माण अनुदान | श्रीकालाढुंगा आधारभूत विद्यालय | १४३५००० | | |
| | | | २०७८/०३/२९ | Mobilisation | विद्यालयभौतिक पुर्वाधार निर्माण अनुदान | श्रीभवानीस्थान माध्यामिक विद्यालय | २०७५००० | ७,८८,००० | |
| | | | २०७८/०२/२३ | ३८ | खानेपानी संरचना निर्माण, सुधार, तथा स्तरोन्नति (नेपाल सरकार, ग्रामिण जलस्रोत व्यवस्थापन परियोजना) | ग्वानी मुडभारा खानेपानी तथा सरसफाई योजना निर्माण उ. स. | | १२,३०,६९० | |
| | | | **Total** | | | | **6420000** | **4625821** | |

| | | | | |
|---|---|---|---|---|
| ७० | | | **आन्तरिक लेखापरीक्षण प्रतिवेदन उपरको कारवाही**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । आन्तरिक लेखापरीक्षणबाट औंल्याइका व्यहोरा निम्न छन् । कार्यालयले आन्तरिक लेखापरीक्षणबाट औंलाएका देहाय अनुसारका बेरुजूहरु अन्तिम लेखापरीक्षणको अवधिसम्म पनि फछ्र्यौट गरेको नपाइएको रू. | १६५,४०६ |

| **भौ नं./मिति** | **व्यहोरा** | **रकम** |
|---|---|---|

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|
| | | | 183/077/10/35 | वडा नं. ४ को सहयोगमा भक्त बहादुर वोगटीले सालिमगडा भवानी मन्दिरमा १ दिने धार्मिक कार्यक्रम राखेको र करिव २०० जना सहभागी गराएको भनिएतापनि त्यहा गएका भक्तजनहरुको फोटो तथा अन्य कागजातहरु नराखेको र अनुमानित भन्दा वढी खर्च गरेको देखिएकाले त्यस्तो कार्यमा सुधार गरि मितव्ययिता कायम गर्नुपर्ने रु. | 34455 | |
| | | | 186/077/10/25 | वडा नं. २ का वडाध्यक्ष भिम बहादुर वोहराले मिति २०७७।७।१२ देखि ७।१८ सम्म कार्यालयको कामकाजको सिलसिलामा धनगढीमा भ्रमण गरेको देखिएतापनि मिति २०७७।७।१७ गतेको गाउँकार्यपालिकाको वैठकमा सहभागी भएको देखिएको हुदा निज वोहराको दोहोरो भ्रमण भत्ता रकम असुल उपर हुनुपर्ने रु. | 4000 | |
| | | | 186/077/10/25 | वडा नं. २ का वडाध्यक्ष भिम बहादुर वोहराले मिति २०७७।८।१८ देखि ८।२४ सम्म कार्यालयको कामकाजको सिलसिलामा दिपायल डडेल्धुरामा भ्रमण गरेको देखिएतापनि मिति २०७७।८।२३ गतेको गाउँकार्यपालिकाको वैठकमा सहभागी भएको देखिएको हुदा निज वोहराको दोहोरो भ्रमण भत्ता रकम असुल उपर हुनुपर्ने रु. | 2700 | |
| | | | 218/077/10/29 | वडा नं. ५ को सहयोगमा भक्त बहादुर वोगटीले सालिमगडा भवानी मन्दिरमा १ दिने धार्मिक कार्यक्रम राखेको र करिव २०० जना सहभागी गराएको भनिएतापनि त्यहा गएका भक्तजनहरुको फोटो नराखेको र अनुमानित भन्दा वढी खर्च गरेको देखिएको र पुन वडा नं. ५ को सहयोगमा पुजा समग्री खरिद गर्न दिएको ९८४० भुक्तानी दिएको हुदा नियमित गर्नुपर्ने रु | 9840 | |
| | | | 347/078/3/3 | सायल गाउँपालिकाकी उपाध्यक्ष विस्ना देवी सिंहले गा.पा. योजना सम्वन्धी प्रदेश मन्त्रालयमा छलफल गर्न २०७८।१।१५ देखि २०७८।१।२१ गते सम्म धनगढीमा गएको देखिएतापनि उपाध्यक्ष सिंहले मिति २०७८।१।२१ मा भएको कार्यपालिका वैठकमा सहभागी भएको हुदा दोहोरो भ्रमण भत्ता रकम असुल उपर गर्नुपर्ने रु. | 3600 | |
| | | | 351/078/3/3 | सायल गाउँपालिका वडा नं.१ को नवनिर्मित भवनको उद्घाटन समारेहमा उपस्थित विभिन्न अतिथिको नाममा १,०४,५११ फजुल खर्च भएकाले मितव्ययिता कायम गरि नियन्त्रणमा जोड दिनुपर्ने रु. | 104511 | |
| | | | 377/078/3/3 | सायल गाउँपालिका ५ नं. वडाका वडाध्यक्षले मिति २०७८।२।२४ गते देखि २।३० सम्म्म दिपायल सिलगढीमा भ्रमण गरेको देखिएतापनि निज अध्यक्ष वोगटी २०७८।२।२५ गतेको कार्यपालिका वैठकमा सहभागी भएको हुदा निजवाट दोहोरो भएको भत्ता रकम असुल उपर गर्नुपर्ने रु. | 3600 | |
| | | | 377/078/3/3 | सायल गाउँपालिका ५ नं.वडाका वडाध्यक्षले मिति २०७८।१।१६ गते देखि १।२२ सम्म्म दिपायल सिलगढीमा भ्रमण गरेको देखिएतापनि निज अध्यक्ष वोगटी २०७८।१।२१ गतेको कार्यपालिका वैठकमा सहभागी भएको हुदा निजवाट दोहोरो भएको भत्ता रकम | 2700 | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | |
|---|---|---|
| | असुल उपर गर्नुपर्ने रु. | |
| | **जम्मा** | **165406** |

**अनुगमन संपरीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । पालिकाब ाट आर्थिक वर्ष 2076/077 को निम्नानुसार बेरुजू फछ्र्यौट गरी संपरीक्षणको लागि पेश गरिएकोमा संपरीक्षण गर ीएको छ । नियमानुसार पालिकालेनै लगत कट्टा गरीबेरुजु अद्याबधिक गर्नुहुनेछ ।

| दफा नं | आ.व= | फछ्र्यौट | फछ्र्यौटको व्यहोरा | रकम |
|---|---|---|---|---|
| 96 | 2076/77 | सामाजिक सुरक्षा भत्ता वढी भुक्तानी | दाखिला भएको प्रमाण पेश | 36000 |
| 62 | 2076/77 | विद्यालय निकासा वढी | दाखिला भएको प्रमाण पेश | 258800 |
| **जम्मा** | | | | **294800** |

गत वर्षको प्रतिवेदनमा आयोजना कार्यान्वयन, सोझै खरिद, बिल भरपाई, स्रेस्ता पेस नभएको, बैङ्क समायोजन, अग्रिम कर, बढी भुक्तानी, अधुरो निर्माण, नभएको कामको भुक्तानी, कर वीजक, सवारी साधन खरिद, ठेक्का स्वीकृति र ओभरहेड लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार गरेको पाइएन । बेरुजू व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्ने देखिन्छ ।

७१

**कोभिड १९ तर्फ**

कोभिड-१९ रोकथाम नियन्त्रण र व्यवस्थापनमा २०७8 असार मसान्तसम्मको प्राप्त रकम र खर्च सम्बन्धी बिबरण अनुसार कार्यालयले रू.1,42,01,166 आम्दनी भएको विवरण पेश गरेको छ भने असार मसान्त सम्ममा रू.1,35,02,367 खर्च भएको देखाएको छ । असार मसान्त सम्ममा खर्च नभइ रू.6,98,799 बाँकी रहेको देखिन्छ । कार्यालयले देहाय अनुसार आम्दानी र खर्चको विवरण पेश गरेको छ ।



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | **बजेट/आम्दानीको स्रोत** | **२०७८असार मसान्त सम्म प्राप्त रकम** | **खर्चशिर्षक** | **२०७८असार मसान्त सम्म खर्च रकम** | |
| | | | संघीयसंचित कोषबाट | 3428775 | राहातवितरण | | |
| | | | प्रदेशसंचित कोषबाट | 0 | क्वारेन्टिनहोल्डिङ्ग सेन्टर निर्माण व्यवस्थापन | 7432977 | |
| | | | स्थानीय तहको आफ्नै बजेटबाटविनियोजन भएको | 7082391 | आईशोलेसनकेन्द्र निर्माण व्यवस्थापन | 1240220 | |
| | | | संघीयकोभिड कोषबाट | 1000000 | जनशक्तिव्यवस्थापन | 1833605 | |
| | | | प्रदेशकोभिड कोषबाट | 2000000 | औषधि एवं स्वास्थ्य उपकरण तथा सामग्री खरिद | 2184641 | |
| | | | अन्यस्रोतबाट प्राप्त | 690000 | स्वास्थ्यपूर्वाधार निर्माण | | |
| | | | | | अन्यशिर्षकमा भएको खर्च | 810924 | |
| | | | | | बाँकी | 698799 | |
| | | | **जम्मा** | **14201166** | **जम्मा** | **14201166** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७२ | | | **गत बर्षको भुक्तानी**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को नियम ३९ (13) मा चालू वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न बिल, भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको ७ दिन भित्र प्रमाणित गराई भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले भुक्तानी दिन बाँकिको विवरण तयार नगरी गत वर्ष जेठ र असारमा कोरोना कोषमा रकम पर्याप्त नभएको भनी क्वारेन्टिन व्यवस्थापत खर्च चालु वर्षमा निम्नानुसारको खर्च लेखेको छ । नियमको पालनामा ध्यान दिनुपर्दछ । | |

| वडा | खाद्यन्नमा खर्च | स्वयमसेवक/सहयोगी भत्ता | जम्मा खर्च | क्वारेन्टिमा वसेका संख्या |
|---|---|---|---|---|
| १ | 862585 | 394847 | 1257432 | 245 जना |
| 2 | 689120 | 320722 | 1009842 | 253 जना |
| 3 | 725140 | 310956 | 1036096 | 278 जना |
| 4 | 722806 | 325510 | 1048316 | 323 जना |
| 5 | 645970 | 305730 | 951700 | 157 जना |
| 6 | 775122 | 356896 | 1193257 | 360 जना |